म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- १९२ २०८१ जेठ २२ गते मंगलबार 4 June 2024, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-

**संक्रामक रोगबाट बचौं र बचाऔं ।**

गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजा लगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन् ।

त्यसैले

- संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे , भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेको खानेकुरा नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## एमाले मकवानपुरको अध्यक्षमा पोखरेल निर्वाचित



*विजयी घोषणापछि खिचिएको सामूहिक तस्वीरमा बायाँबाट आरती पाठक, सीता विष्ट, श्रीधर पोखरेल, हिदम लामा, फुर्वा दोर्जे लामा ।*

समाज संवाददाता

हेटौंडाः नेकपा एमाले मकवानपुरको अध्यक्ष पदमा श्रीधर पोखरेल निर्वाचित हुनुभएको छ । सोमबार सम्पन्न मतगणनामा अध्यक्ष पदका उम्मेदवार पोखरेलले कुल खसेको ७६५ मत मध्ये ३१३ मतका साथ जित हासिल गर्नुभई अध्यक्ष निर्वाचित हुनुभएको हो ।

अध्यक्षका अर्का प्रत्यासी इन्द्रमान स्याङ्तानले २६२ मत प्राप्त गर्नुभयो । अध्यक्ष पदका प्रत्यासी लालबहादुर थापा र देवराज रिमालले क्रमशः १६६ र ११ मत प्राप्त गर्नुभयो । अध्यक्ष निर्वाचित पोखरेल प्रखर वक्ता र क्रियाशील नेताको रुपमा चिनिनुहुन्छ । पार्टी विभाजनको समयमा नेकपा एकीकृत समाजवादीमा सहभागी हुनु भएका पोखरेल २०७९ को स्थानीय तहको निर्वाचन अघि एमालेमा फर्कनु भएको हो । पार्टीमा प्रभावशाली नेताको रुपमा आशा गरिए पनि विभाजनको समयमा मूल पार्टीलाई छाडेको आरोप खेप्नु परेका पोखरेललाई यतिबेला अवसर प्राप्त भएको छ । अध्यक्ष निर्वाचित भएलगत्तै समृद्ध समाजसँग कुरा गर्नुहुँदै पार्टीलाई एक ढिक्का बनाएर २०८४ सालको निर्वाचन लक्षित गरी अगाडि बढ्ने बताउनुभएको छ । निर्वाचनमा हार-जितको अवस्थालाई बिर्सेर सबैलाई साथमा लिएर अगाडि बढ्ने पोखरेलले बताउनुभएको छ ।

यस्तै एमाले मकवानपुरको उपाध्यक्षमा हिदम लामा, सचिवमा सीता विष्ट, उपसचिवमा खुलातर्फ फुर्वा दोर्जे लामा र उपसचिव महिलातर्फ आरती पाठक विजयी हुनुभएको छ । उपाध्यक्षमा ४७६ मतसहित हिदम लामा विजयी हुनुभएको हो । उपाध्यक्ष पदका आकांक्षी सुनिल मोक्तानले १९७ मत, भरत दुलालले ३८ मत र ध्रुव चौलागाईले २६ मत प्राप्त गर्नुभयो । सचिवमा सीता विष्ट २९७ मतसहित विजयी हुनुभएको हो । सचिवका आकांक्षी मदन दाहालले २५५ मत, राजन थापाले १७१ मत प्राप्त गर्नुभयो ।

उपसचिव खुलातर्फ फुर्वा दोर्जे लामाले २४१ मतसहित जित हासिल गर्नुहुँदा उपसचिवका आकांक्षी दीपक खड्का, ईन्द्रप्रसाद नेपाल, कृष्ण प्रसाद चौलागाईं र खेम जर्गा मगरले क्रमशः १६७, १२९, ८६ र १०० मत प्राप्त गर्नुभयो । उपसचिव महिलातर्फ आरती पाठक २४१ मतसहित निवाचित हुँदा कल्पना बलामीले १५६ मत, जुना दाहालले १५२ मत र पार्वती रानाले १७२ मत पाउनुभयो ।

५ पदाधिकारीसहित १०५ सदस्यीय जिल्ला कमिटी चयनका लागि आइतबार मतदान भएको थियो । निर्वाचन समितिले सदस्यतर्फ भएको निर्वाचनको मतगणना गर्ने कार्य सोमबार साँझदेखि सुरु गरेको छ । सदस्यको गणना सुस्त गतिमा भइरहेको छ । मंगलबार सदस्य पदको अन्तिम नतीजा सार्वजनिक गर्ने तयारी निर्वाचन कमिटीले गरेको छ ।

## स्वास्थ्य मन्त्रालयमा दरबन्दी एक, सचिव दुई

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयको एक जना सचिवको दरबन्दीमा २ जना हाजिर भएका छन् । संगठन संरचना सर्वेक्षणअनुसार मन्त्रालयमा एक जनामात्र सचिवको व्यवस्था रहेको छ । तर, मन्त्रालयमा हाल २ जना सचिवले हाजिर गर्दै आएका छन् ।

मन्त्रालयको स्वीकृत कर्मचारी दरबन्दी तेरिज विपरित २ जना सचिव हाजिर भएका हुन् । २ जना सचिव भएपछि जिम्मेवारी कसलाई दिने भन्ने विषयमा अन्योलता देखिएको छ । एउटा पदमा २ जना हाजिर हुँदा एक सचिवको तलबभत्ता भुक्तानीमा समेत समस्या हुने मन्त्रालयका एक कर्मचारी बताउँछन् ।

मन्त्रालयमा यसअघि कार्यरत बद्रीबहादुर खड्का र पछिल्लो पटक संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सरुवाको पत्र लिएर आएका डा. प्रविण श्रेष्ठ सचिवको रुपमा हाजिर भएका हुन् । मन्त्रालयमा यसअघि जिम्मेवारीमा रहेर काम गर्दै आएका सचिव खड्का र हालै संघीय सरकारबाट सरुवा भई आएका डा. श्रेष्ठले सचिवका रुपमा हाजिर भएसँगै एकै मन्त्रालयमा २ जना सचिव कायम भएका हुन् ।

दुबै जना सचिवहरुले अदालतको स्टे अर्डर लिएर बसेका छन् । सचिव खड्का अदालतको स्टे अर्डरका कारण मन्त्रालयबाट टसमस नगरी बसिरहेका छन् भने डा. श्रेष्ठलाई अदालतको स्टे अर्डरका कारण मन्त्रालयले हाजिर गराउन बाध्य भएको छ । २०७८ सालदेखि मन्त्रालयको सचिव पदमा कार्यरत खड्काले सरुवा भए पनि सर्वोच्च अदालतबाट २ पटक स्टे अर्डर लिएर आफ्नो पद सुरक्षित गरेका हुन् ।

संघीय सरकारले सरुवा गरी पठाएको सचिव डा. श्रेष्ठलाई मन्त्रालयले हाजिर गराउनसमेत आनाकानी गर्दै आएको थियो । हाजिर नगराएपछि सर्वोच्च अदालत पुगेका सचिव डा. श्रेष्ठको पक्षमा अदालतले स्टे अर्डर र अन्तरिम आदेश जारी गरेको थियो । सर्वोच्चले गत ९ जेठमा हाजिर गराउनु भन्दै डा. श्रेष्ठको पक्षमा अन्तरिम आदेश जारी गरेको थियो । सर्वोच्चले किन हाजिर नगराएको भन्दै प्रदेश स्वास्थ्य मन्त्रालयलाई कारण देखाउ आदेशसमेत जारी गरेको थियो । अदालतको स्टे अर्डरपछि पनि मन्त्रालयमा हाजिर गर्न नपाएका श्रेष्ठले अन्ततः गत जेठ १४ गते मन्त्रालयमा हाजिर गरेका थिए । अदालतको स्टे अर्डर र अन्तरिम आदेशपछि पनि मन्त्रालयमा डा. श्रेष्ठले ५ दिनसम्म हाजिर गर्न पाएका थिएनन् ।

त्यसअघि गत बैशाख २३ मा मन्त्रालयमा हाजिर हुन आएका सचिव डा. श्रेष्ठले मन्त्रीलाई सम्बोधन गर्दै हाजिर हुन पाउँ भन्ने निवेदनमा स्वयम् खड्काले तोक लगाएर हाजिर गराउन नसकिने जानकारी गराउन निर्देशन दिएका थिए । उक्त निर्देशनको विरुद्धमा सचिव डा. श्रेष्ठ सर्वोच्च पुगेर स्टे अर्डर ल्याएका थिए ।

हाल सचिव खड्काले पूर्ववतरुपमा सर्वाधिकारसहित कार्य सञ्चालन गरिरहेका छन् भने डा. श्रेष्ठको जिम्मेवारीका विषयमा मन्त्रालयमा अन्योल देखिएको छ । स्वास्थ्य मन्त्रालयमा सचिवका रुपमा हाजिर भएका डा. श्रेष्ठलाई न कार्यकक्ष उपलब्ध गराइएको छ, न नै कुनै जिम्मेवारी दिइएको छ ।

जेठ १४ गतेदेखि मन्त्रालयमा हाजिर भएका उनी होटलमा बस्ने र मन्त्रालय पुग्ने गरेका छन् । उनलाई प्रक्रियागतरुपमा प्राप्त हुने सेवाबाट समेत वञ्चित गरिएको छ । अन्य सचिवहरुले पाउने आवास, यातायातलगायतका सुविधाबाट समेत उनी वञ्चित बन्नु परिरहेको छ ।

मन्त्रालयमा रहेका अर्का सचिव खड्काका कारण डा. श्रेष्ठले सुविधा पाउन नसकेका हुन् । मन्त्रालयको खटनपटन तथा काम कारवाहीको अधिकार सचिव खड्काले नै गर्दै आएका छन् । उनले मन्त्रालयको जिम्मेवारी हस्तान्तरण नगर्दा सचिव डा. श्रेष्ठ सुविधाबाट वञ्चित बनेका हुन् ।

सचिव डा. श्रेष्ठलाई तत्काल कार्यकक्ष दिने गरी मन्त्रालयले काम अघि बढाएको जनाइएको छ । बहालवाला सचिवले कार्यकक्ष नछोडेको र हाजिर भएका सचिवलाई कोठा अभाव रहेकाले कार्यकक्ष उपलब्ध गराउन कठिन भएको मन्त्रालयका एक कर्मचारीले बताए । उनका अनुसार मन्त्रालयका कए कर्मचारीलाई मातहतको निकयमा सरुवा गरी कार्यकक्ष उपलब्ध गराउने तयारी भइरहेको छ । जिम्मेवारी र अधिकारका विषयमा भने मन्त्रालयका मन्त्रीले नै निर्णय गर्ने उनको भनाइ छ ।

मन्त्रालयमा हाजिर भएका सचिव डा. श्रेष्ठका अनुसार अदालतको स्टे अर्डर र अन्तरिम आदेशले हाजिर गराइए पनि जिम्मेवारी भने तत्काल पाउने अवस्था छैन । कानुनी लडाईं पूर्ण नभएसम्म कामकाजको अधिकार पाउन कठिन रहेको मन्त्रालय स्रोतको भनाइ छ ।

## "मिसन ८४ मा सफलता प्राप्त गर्नुछ ।"

**नेकपा एमाले मकवानपुरको १२ औं अधिवेशनबाट अध्यक्षमा श्रीधर पोखरेल निर्वाचित हुनुभएको छ । सोमबार दिउँसो सम्पन्न मतगणनाअनुसार ३ सय १३ मतसहित पोखरेल निर्वाचित हुनुभएको हो । अध्यक्षका आकांक्षी ३ जनालाई पछि पार्दै अध्यक्ष निर्वाचित हुनुभएका पोखरेललाई समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले पार्टीको जिल्ला अध्यक्ष निर्वाचित भएपछि अवसर र चुनौतिका विषयमा गर्नुभएको कुराकानीको सम्पादित अंशः**

**समाजः तपाई नेकपा एमाले मकवानपुरको अध्यक्ष निर्वाचित हुनुभयो । तपाइँलाई मत दिने प्रतिनिधिहरुलाई के भन्न चाहनुहुन्छ ?**

**पोखरेलः** मकवानपुर जिल्लाको १२ औं महाअधिवेशनमा मलाई मतदान गर्नुहुनेप्रति म हार्दिक आभार व्यक्त गर्छु । निर्वाचन प्रक्रियाबाट पराजित हुनुहुने सबैमा सम्मान व्यक्त गर्न चहान्छु र आगामी दिनहरुमा यो पार्टीलाई एकताबद्ध बनाउँदै हामीले निर्धारण गरेको मिशन ८४ लाई पूरा गर्न सम्पूर्ण साथीहरुको एकताबद्ध हुन आव्हान पनि गर्न चहान्छु । सबै साथीहरुलाई म सँगसँगै लिएर मकवानपुरको समृद्धिका लागि अगाडि बढ्न चाहन्छु ।

**समाजः अध्यक्ष निर्वाचित हुँदै गर्दा तपाइँसँग पार्टीका कार्यकर्ता, नेताहरूको अपेक्षा के रहेको महसुस गर्नुभएको छ ?**

**पोखरेलः** मसँग पार्टीका नेता कार्यकर्ताहरुले एमाले पार्टीलाई मिसन ८४ मा लैजाने एउटा सवल नेतृत्व निर्माण होस् भन्ने जुन अपेक्षा गरेर मलाई मतदान गर्नुभयो मलाई लाग्छ त्यही नै मेरो उहाँहरु प्रतिको प्रतिबद्धता रहने छ । त्यही कुराहरु पूरा गर्न मेरा सम्पूर्ण काम केन्द्रित हुनेछ ।

**समाजः अहिले पार्टीको चुनौतीहरू के देख्नुभएको छ ?**

**पोखरेलः** पार्टीभित्र बढ्दै गएको यो अलिअलि मौलाउन लागेको अराजकता, पार्टीमा संगठनको विस्तार गर्ने भन्दा पनि पार्टीलाई निश्चित एउटा घेरामा राख्ने जुन प्रयत्न भइरहेको छ त्यसले अलिकति कार्यकर्ताको मनमा चोट परिरहेको छ । म त्यो चोटमा मल्हम लगाउन प्रत्यन गर्नेछु । अहिलेको चुनौती भनेको पार्टीलाई एक ढिक्का बनाएर मिसन ८४ मा सफलता प्राप्त गर्नु हुनेछ । त्यसकारसण म सबैलाई आग्रह गर्न चाहन्छु, हामीले हाम्रा सम्पूर्ण मनमुटावलाई अन्त्य गर्दै एक ढिक्का भएर निर्धारण गरिएको उद्देश्य प्राप्तिका लागि अगाडि बढौं ।



**श्रीधर पोखरेल**
**अध्यक्ष, नेकपा एमाले**

**समाजः अहिलेको राजनीतिक परिस्थितिका हिसाबले नेकपा एमाले मकवानपुरको सवल पक्ष के के देख्नुभएको छ ?**

**पोखरेलः** सवल पक्ष भनेको हामीसँग अहिलेपनि लाखौं लाख पार्टीका समर्थकहरु शुभेच्छुकले हामीलाई माया गर्नुभएको छ । हामीसँग दशौं हजार पार्टीका कार्यकर्ताहरु हुनुहुन्छ जो अहोरात्र खट्नुभएको छ । हामीसँग हाम्रो संगठनको सञ्जाल छ । त्यो नै हाम्रो आधार हो । ती आधारहरुलाई अझ मजबुत बनाउने मेरो लक्ष्य र उद्देश्य रहने छ ।

## जातीय विभेद र छुवाछुतविरुद्ध गणतन्त्र ठूलो उपलब्धीः मन्त्री मोक्तान

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशकी सामाजिक विकासमन्त्री कुमारी मोक्तानले गणतन्त्र स्थापना जातीय विभेद र छुवाछुतका विरुद्ध ठूलो उपलब्धी भएको टिप्पणी गर्नुभएको छ । राज्य व्यवस्था परिवर्तनसँगै छुवाछुत तथा विभेदका घटनाहरुमा क्रमिकरुपमा परिवर्तन भइरहेको उहाँले बताउनुभयो ।

जातीय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवसको अवसरमा आयोजित छुवाछुतमुक्त राष्ट्र घोषणा कार्यान्वयनको अवस्था, अवसर र चुनौती विषयक विचार गोष्ठीलाई सम्बोधन गर्दै मन्त्री मोक्तानले दलित समुदायभित्र नै छुवाछुत हुने गरेको बताउनुभयो । सरकारले छुवाछुत तथा विभेद अन्त्यका लागि दलित ऐन निर्माण गर्न तयारी गरेको उहाँको भनाइ छ ।

विगतको तुलनामा समाज सभ्य र शिक्षित बन्दै गएकाले विभेद र छुवाछुतका घटना न्यूनीकरण हुनुको साथै दलित तथा विपन्न नागरिकलाई सहजता मिलेको उहाँले बताउनुभयो । 'प्रदेश सरकारले दलित समुदाय र विपन्न व्यक्तिलाई राज्यको मुलधारमा ल्याउन नीतिगतरुपमा समेट्ने योजना बनाउने तयारी थालेको छ । नागरिकको अभिभावकत्व ग्रहण गर्दै प्रदेश सरकारले समानता र समानुपातिक सहभागिताको विषयलाई प्राथमिकतामा राखेको छ ।' उहाँले भन्नुभयो ।

छुवाछुत विरुद्धका कार्यक्रमलाई स्थानीय सरकारसँगको समन्वयमा अभियानको रुपमा अघि बढाउन जरुरी रहेको उहाँले औंल्याउनुभयो । दलित समुदायका मुद्दालाई कार्यक्रममार्फत् बजेटमा समेट्ने सरकारको तयारी रहेको उहाँको भनाइ छ । राज्यसँग अधिकार माग गर्दै गर्दा सबै नागरिकले कर्तव्यको पनि ख्याल गर्नुपर्ने उहाँले बताउनुभयो । संयुक्त दलित संघर्ष समिति हेटौंडाका संयोजक कमलकुमार विश्वकर्माको सभाध्यक्षतामा भएको कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव राजन पौडललगायतको आतिथ्य रहेको थियो ।



सम्पादकीय

# उद्योगीका गुनासा सम्बोधन

आर्थिक विकासको मेरुदण्ड मानिने उद्योग, व्यवसाय क्षेत्र नेपालमा सन्तोषजनक छैन । उद्योग, कलकारखाना स्थापनाको सम्भावना भए पनि पर्याप्त उद्योग स्थापना हुन सकेको छैन । भएका उद्योगहरु पनि विभिन्न कारण धराशायी बनिरहेका छन् । विगतमा विभिन्न देशको सहयोगमा सञ्चालनमा आएका महत्वपूर्ण र ठूला उद्योगहरु अधिकांश बन्द भइसकेका छन् । यसको पछाडि मुख्य समस्याको रुपमा सरकारको औद्योगिक नीति प्रभावकारी नहुनुलाई मान्न सकिन्छ । चलिरहेका उद्योगहरु विभिन्न बहानामा बन्द, हड्तालको शिकार भएर अस्तित्वविहीन भएका छन् । मुलुकको आर्थिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेका हेटौंडा कपडा, जनकपुर चुरोट, बीरगञ्ज चिनी, बुटवल धागो, भृकुटी कागज, गोरखकाली टायर, हिमाल सिमेन्ट, गोदावरी मार्बललगायत दर्जनौं उद्योगहरु अहिले खण्डहर वा अस्तित्वविहीन बनेका छन् । सरकारी स्वामित्वका मात्र नभई निजी क्षेत्रको लगानी रहेका कयौं उद्योगहरु पनि बन्द भएका छन् ।

सरकारले उद्योगी, व्यवसायीको गुनासो नसुनेको र उद्योग सञ्चालनको उचित वातावरण नभएका कारण उद्योग, व्यवसाय फस्टाउन नसकेको हो । बागमती प्रदेशका उद्योगी, व्यवसायीहरुले देशमा उद्योगमैत्री वातावरण निर्माण गर्न सरकारसँग माग गरेका छन् । बागमती प्रदेशको उद्योग, वाणिज्य तथा उपभोक्ता हित निर्देशनालयको आयोजना तथा बागमती प्रदेश उद्योग वाणिज्य महासंघको समन्वयमा आइतबार भएको अन्तरक्रिया कार्यक्रममा उद्योगी, व्यवसायीमैत्री कार्यक्रम ल्याउन सरकारसँग माग गरिएको छ । संघीय सरकारले सम्बोधन गर्न नसकेको उद्योगी, व्यवसायीका सवाललाई प्रदेश सरकारले सम्बोधन गर्नुपर्ने व्यवसायीले बताएका छन् । औद्योगिक क्षेत्रको विकास र व्यवस्थापनमा प्रदेश सरकारले भूमिका खेल्नुपर्ने र उद्योगलाई आवश्यक कच्चा पदार्थको आपूर्ति तथा उत्पादित वस्तुको सहज बजारीकरणमा सरकारले सघाउनुपर्ने व्यवसायीले माग गरेका छन् ।

राज्यले उद्योग सञ्चालन र लगानीको वातावरण निर्माण गर्नुपर्नेमा व्यवसायीले जोड दिएका छन् । उद्योग स्थापनाको लागि सहजरुपमा जग्गा उपलब्ध गराउन सरकारले पहल गर्नुपर्ने व्यवसायीको माग छ । उद्योग/व्यवसाय दर्ता, नवीकरण तथा कर प्रणालीमा रहेका प्रशासनिक झन्झटलाई सरकारले सहजीकरण गर्नुपर्ने र करका दरलाई समयानुकूल बनाउनुपर्ने उद्योगी, व्यवसायीको भनाइ छ । आर्थिक मन्दीको मारबाट व्यवसायीलाई जोगाउन सरकारले राहत प्याकेज ल्याउनुपर्ने, नयाँ उद्योगीलाई आकर्षण गर्न र युवालाई उत्पादनमा जोड्न तालिम तथा लगानीको व्यवस्था गर्नुपर्ने सरकारसँग व्यवसायीले माग गरेका हुन् । नेपाललाई पर्यटन र आईटीको हब बनाउन सरकारले नया प्रकृतिका कार्यक्रम ल्याएर प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा व्यवसायीले जोड दिएका छन् । बागमती प्रदेश सरकारले आगामी १० वर्षको अवधिलाई लगानी दशकका रुपमा अगाडि बढाउने तयारी गरेको भए पनि उद्योगमैत्री नीति तथा कार्यक्रम ल्याउन सकेको छैन ।

सरकारले उद्योग, व्यवसायको विकासका लागि देशका विभिन्न ठाउँमा औद्योगिक क्षेत्र, औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्रजस्ता संरचना बनाउने घोषणा गरे पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । देशका उद्योग, व्यवसाय एकपछि अर्को गर्दै धराशायी बनिरहँदा सरकारले उद्योगमैत्री नीति तथा कार्यक्रम ल्याउन नसक्दा व्यवसायी निराश बनेका हुन् । उद्योग, व्यवसायमा समस्या बढ्दै जाँदा र आफूले सोचजस्तो नहुँदा उद्योगी, व्यवसायीले सरकारलाई गुनासो गर्नु स्वभाविक हो । विगतमा मजदुर आन्दोलनका कारण औद्योगिक वातावरण निर्माणमा समस्या देखिने गरेको भए पनि अहिले मजदुरको समस्या निकै कम भएको छ । देशकै मध्य भागमा सबैभन्दा ठूलो औद्योगिक क्षेत्र रहेका कारण हेटौंडामा अन्यत्रभन्दा सहज औद्योगिक वातावरण छ । सबै पक्षहरु अनुकूल रहेका कारणा यहाँ उद्योग स्थापना गर्न चाहने उद्योगी, व्यवसायीलाई प्रदेश सरकारले आवश्यक सहजीकरण गर्नुपर्छ । उद्योगी, व्यवसायीका उचित गुनासालाई सरकारले सम्बोधन गर्दै उद्योगमैत्री वातावरण बनाउनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | यात्रा योग र यसबाट लाभ प्राप्त हुने समय छ । |
| वृष | अध्ययन अध्यापनका काममा सरिक भइनेछ । |
| मिथुन | दान-पुण्यका क्षेत्रमा खर्च बढ्ने समय योग छ । |
| कर्कट | महत्वपूर्ण काम सिद्धि हुने समय योग रहेको छ । |
| सिंह | परीक्षा प्रतियोगितामा सरिक भइने समय छ । |
| कन्या | पद प्रतिष्ठामा वृद्धि हुने समय योग छ । |
| तुला | संकट र जोखिम हल गर्न सकिने समय छ । |
| वृश्चिक | आकस्मिक घुमघाम हुने समय योग छ । |
| धनु | कीर्ति र प्रतिष्ठामा बढावा हुने समय छ । |
| मकर | ज्ञान र प्रज्ञा बढाउने समय योग छ । |
| कुम्भ | आवेगलाई नियन्त्रण गरेर अगाडि बढ्दा राम्रो । |
| मीन | नियमित काम-धन्दामा असर पर्ने समय छ । |

# कृषिमा लगानी दशक, सफल हुनेमा सन्देह





✍रत्न प्रजापति

कृषिमा हुने सुधारले देशको अर्थतन्त्रमा बहुआयामिक प्रभाव पार्ने भएकाले कृषिको उत्थानलाई आवश्यक मानिँदै आएको छ । कृषिमा विद्यमान अत्यधिक जनशक्तिलाई ग्रहण गर्ने क्षमता, उत्पादन वृद्धि र आयात प्रतिस्थापनको सम्भावना र मुख्य उत्पादन मानिएको धान उत्पादनमा १० प्रतिशतले वृद्धि हुँदा कुल गार्हस्थ्य उत्पादनमा थप १ प्रतिशत वृद्धि हुन्छ भन्ने आर्थिक विश्लेषकहरूको निर्क्योलका आधारमा तुलनात्मक रूपमा कृषिलाई बढी प्राथमिकतामा राख्नुपर्ने आवश्यकता पनि देखिन्छ ।

बर्सेनि झन्डै ३ खर्ब रुपैयाँको कृषि तथा कृषिजन्य वस्तु आयात भइरहेको वर्तमान परिस्थितिमा कृषि उत्पादनमा वृद्धि गर्न सके आयात प्रतिस्थापन हुने र त्यसको सकारात्मक प्रभाव अर्थतन्त्रमा पर्ने भएकाले कृषिलाई प्राथमिकता दिनु आवश्यक नै छ । सम्भवतः यही आवश्यकतालाई मनन गरेर सरकार, निजी, सहकारी तथा विकास साझेदारको लगानी अभिवृद्धि गर्ने उद्देश्यले सरकारले प्रस्तुत गरेको आर्थिक वर्ष २०८१-८२ को नीति तथा कार्यक्रममा विक्रम संवत् २०८१ देखि २०९१ को दशकलाई ‘कृषिमा लगानी दशक’ को रूपमा घोषणा गरेको हुनुपर्छ ।

यसअघि पनि राज्यले कृषिलाई प्राथमिकतामा नराखेको चाहिँ होइन । तर, व्यवहारमा उतार्ने जाँगर र इच्छाशक्ति नदेखाउँदा त्यस्तो प्राथमिकता कागजका दस्ताबेजमै सीमित भए । अनि देशको कृषिक्षेत्र र किसानले अनकौं समस्या भोग्नुपर्‍यो । नीतिगत समस्यादेखि खेती-किसानीका लागि अत्यावश्यक मल, बीउ, सिँचाइ, आधुनिक प्रविधि र बजार व्यवस्थापन तथा मूल्य निर्धारण र भुक्तानीका लागि किसानहरूले संघर्ष नै गर्नुपर्‍यो । देशको यस्तो विषम परिस्थितिलाई नजिकबाट नियालिरहेका महत्वाकांक्षी युवा कृषिमा आफ्नो भविष्य नदेखेर अन्य पेसा-व्यवसायमा आकर्षित भए अथवा रोजगारीका लागि विदेश भासिए ।

परिणामतः कृषिका लागि आवश्यक जनशक्ति अभावले समयमा खेती हुन सकेन अथवा जग्गा बाँझै छोड्नुपर्नु परिस्थिति सिर्जना भयो । कृषिको उत्थान गरी उत्पादन वृद्धि, कृषिको उत्पादकत्व वृद्धि र कृषिमा बृहत् रोजगारी अभिवृद्धि गरी राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउने हो भने कृषिमा लगानी अभिवृद्धि अपरिहार्य नै छ । लगानी अभिवृद्धि नभई कृषिको उत्थान हुनै सक्दैन । कृषि दिन-प्रतिदिन टाक्सिँदै जानुमा लगानीको अभाव र कृषिप्रति युवापुस्ताको अनिच्छा र उपेक्षा प्रमुख कारणको रूपमा रहेको देखिन्छ । लगानीले अवसरको सिर्जना गर्छ र सम्भावनाको ढोका खोल्छ । अवसर सिर्जना भए त्यस्तो अवसर प्राप्तिका लागि जोकोही आकर्षित हुन्छन् ।

अनि त्यस्तो सम्भावनालाई पुँजीकृत गर्न पनि जोकोही लालायित हुन्छन् । अवसर सम्भावना दुवै नभएपछि जुनसुकै क्षेत्रले पनि उपेक्षाको सिकार हुनैपर्छ । अहिले नेपालको कृषिक्षेत्र पनि यस्तै उपेक्षाको सिकार भइरहेको छ । यद्यपि कृषि स्वयं अवसर र सम्भावना नभएको क्षेत्र भने हुँदै होइन । यसमा विद्यमान अवसर र सम्भावनालाई उजागर गर्ने र त्यसबाट प्रत्यक्ष रूपमा लाभान्वित हुने अवसर सिर्जना गर्ने नीति र कार्ययोजना तथा त्यस्ता नीति तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको मात्रै खाँचो हो । कृषिको उत्थानका लागि तर्जुमा गरिएका नीति तथा कार्यक्रम कार्यान्वयनका लागि लगानीको खाँचो प्रत्यक्ष रूपमा महसुस गरिँदै आएको छ ।

कृषिमा लगानीको अभाव झेल्दै गरेको अवस्थामा सरकारले कृषिमा लगानी दशक घोषणा गरेर कृषिमा संलग्न जनशक्ति र कृषिप्रति आशावान् लगानीकर्तामा आशा र उत्साह जगाउने काम गरेको छ । राज्यले कृषिमा लगानी दशक घोषणा गरेअनुसार नै स्वयं राज्य नै कृषिमा लगानी अभिवृद्धि गर्न तत्पर हुने र अरू लगानीकर्तालाई पनि उत्साहित बनाएर साँच्चै नै कृषिमा लगानी अभिवृद्धि गर्ने वातावरण निर्माण गर्ने हो भने आगामी केही वर्षमै कृषिले काँचुली फेर्ने अपेक्षा गर्न सकिन्छ । कृषिमा आशा जागेको सन्दर्भ कोट्याउँदै गर्दा विगतको अवस्था र अभ्यासलाई नियाल्दा फेरि पनि निराश नै हुनुपर्ने अवस्था छ ।

किनभने राज्य स्वयंले नै कृषिमा लगानी बढाउन कन्जुस्याइँ गर्दै आएको छ र लगानीकर्तालाई उत्साहित बनाउने काममा समेत राज्यले प्रेरणादायी भूमिका निर्वाह गर्न सकेको देखिँदैन । किनभने राज्यले कृषिका लागि विनियोजन गर्ने बजेट अत्यन्तै न्यून रहँदै आएको छ । आर्थिक वर्ष २०५९-६० देखि २०८०-८१ सम्मको २२ वर्षको बजेट विनियोजनको तथ्यांक हेर्दा कुल राष्ट्रिय बजेटको औसत २.८५ प्रतिशत मात्रै कृषिका लागि विनियोजन गरेको देखिन्छ । विगत २२ वर्षमा आर्थिक वर्ष २०७०-७१ मा अहिलेसम्मकै सबैभन्दा बढी अर्थात् कुल राष्ट्रिय बजेटको ४.१३ प्रतिशत बजेट विनियोजन भएको देखिन्छ ।

चालु आर्थिक वर्षको कुल राष्ट्रिय बजेट १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाखमध्ये कृषिका लागि ५८ अर्ब ९८ करोड २१ लाख अर्थात् ३.३७ प्रतिशत बजेट विनियोजन भएको छ । सरकारले नीति तथा कार्यक्रममा कृषिमा लगानी दशकको घोषणा गरेसँगै आगामी आर्थिक वर्षको बजेटमा कृषिका लागि विनियोजन हुने बजेटमा उल्लेख्य वृद्धि हुने अपेक्षा थियो । तर, त्यो अपेक्षाविपरीत सरकारले कृषिका लागि विनियोजित बजेट घटाएको छ । यो अत्यन्तै दुःखद् पक्ष हो । विगतमा मौद्रिक नीतिमार्फत देशका वाणिज्य बैंकहरूले पनि निश्चित प्रतिशत कृषिमा लगानी गर्नैपर्ने बाध्यकारी नियम लागू गर्दै आए पनि सोअनुसार लगानी हुन सकेको पाइँदैन ।

मौद्रिक नीति २०७९-८० मा वाणिज्य बैंकले कुल कर्जा लगानीको २०७९ असार मसान्तसम्म न्यूनतम १२ प्रतिशत, २०८० असार मसान्तसम्म १३, २०८१ असार मसान्तसम्म १४ र २०८२ असार मसान्तसम्म १५ प्रतिशत कर्जा कृषिक्षेत्रमा प्रवाह गर्नुपर्ने उल्लेख गरिएको छ । मौद्रिक नीतिले कुल कर्जा लगानीको १५ प्रतिशतसम्म कृषिमा लगानी गरेको हुनुपर्ने प्रावधान राखे पनि वाणिज्य बैंकहरूले त्योभन्दा कम लगानी कृषिक्षेत्रमा गरेको पाइन्छ । आर्थिक वर्ष २०७९-८० सम्ममा वाणिज्य बैंकहरूको कुल कर्जा लगानी ४३ खर्ब १५ अर्ब ३७ करोड ७० लाख रहेकोमा कृषिक्षेत्रतर्फ ३ खर्ब ७२ अर्ब ८३ करोड ४१ लाख अर्थात् ८.६४ प्रतिशत मात्रै लगानी गरेको देखिन्छ ।

नेपालको संविधान, पन्ध्रौं योजनाको समीक्षा, सोह्रौं योजनाको सोच, गणतन्त्रका डेढ दशकको उपलब्धिको समीक्षा, सम्मानित सदनमा पेस गरिएको विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता तथा त्यसमाथि संसद्का माननीय सदस्यहरुबाट प्राप्त सुझाव एवं सरकारको नीति तथा कार्यक्रमलाई प्रमुख आधार बनाएर आर्थिक वर्ष २०८१-८२ का लागि कुल १८ खर्ब ६० अर्ब ३० करोड ३० लाखको बजेट विनियोजन गरिएको छ । बजेटका पाँच मुख्य उद्देश्यमध्ये उत्पादन, उत्पादकत्व वृद्धि र रोजगारी वृद्धि गर्नुलाई दोस्रो उद्देश्य र पाँच मुख्य प्राथमिकतामध्ये कृषिलगायत ऊर्जा, सूचना प्रविधि, पर्यटन, औद्योगिक विकास तथा पूर्वाधार निर्माणलाई दोस्रो प्राथमिकतामा राखेर ल्याइएको यो बजेटमा विनियोजित बजेटका आधारमा कृषिक्षेत्र प्राथमिकताको छैटौं स्थानमा परेको छ ।

आगामी आर्थिक वर्ष २०८१-८२ का लागि कृषिका लागि कुल ५७ अर्ब २९ करोड ५ लाख बजेट विनियोजन गरिएको

....बाँकी पृष्ठ ३ मा

# १२ पछि के गर्छ्यौ त नानी ?



✍आर्या कोईराला

कहिले कसो आफन्तहरूसँग भेट हुन पुग्दा, सबैको पहिलो प्रश्न नै हुन्छ- “१२ पछि के गर्ने त, नानी ?” तब मेरो चलिराख्ने ओठ निशब्द हुन्छ, रुद्रघण्टीबाट कुनै पनि शब्द बाहिर आउन सक्दैन ।

बाध्यतावश भन्छु- “सोच्दै छु, अङ्कल ।” त्यसपछि त झनै, “अब त ढिला होला नि नानु, १२ को रिजल्ट त छिट्टै आइहाल्छ !” भन्दा मेरो मन चसक्क पोलेको मस्तिष्कले समेत महसुस गर्छ ।

भन्न त मन हुन्छ- “थाहा छ नि अङ्कल, मलाई पनि म ढिला भइसकें, तर के गर्नु बुझेर पनि अबुझ बन्न मैले आफूले आफैंलाई बाध्य बनाएको कुरा !” तर अपसोच त्यो भन्न मलाई मेरो स्वाभिमानले बाटोमै विश्राम लिन विवश गराइदिन्छ ।

म पनि कहिलेकाहीं आफैं प्रश्न गर्न पुग्छु मेरा मित्रहरूलाई- “तिमी १२ पछि के गर्ने त ?” तब अधिकतम प्रतिशत विदेशलाई नै ह्याकुलाले छोप्ने सोच बताउँछन् भने एकदमै न्यूनतम साथीहरू मजस्तै फिटफिटी पर्दै गरेका अवस्थामा देखा पर्छन्। न आफ्नो स्वर्गभन्दा प्यारो मातृभूमि र देवतासरहका मातापिता छाडी त्यो अन्जान शहर जान रहर हुन्छ न त यहीं दुनो सोझ्याउनेले चलाएको देशमा बसी अलपत्र पर्ने अवधारणा नै हुन्छ ।

तथ्याङ्क आफैं बोल्छ कि दैनिक रूपमा लगभग २००० नेपाली युवा आफ्नो नयाँ जीवनको यात्रा श्रीगणेश गर्दै मुटु ढक्क फुलाउँदै आँखाभरि आँसु बोकी विदेश लाग्ने मानिसको घुइँचो हुने कुरा । यता बुढेसकालका मजबुत लौरो भनी सोचेको बाबुआमालाई अन्तिम समयमा दागबत्ती दिन आउन समेत ती सन्तानलाई कठिन हुन पुगेका कुरा ।

देखिन्छन् समाजमा ती उदाहरणहरू जो आफ्नै ठाउँ, आफ्नै गाउँ भनी नेपालमा केही गर्ने सोच राखी टोलका चोक-चोकमा त्यही क्यारम खेल्नमा व्यस्त युवाहरु । भन्नलाई त सबै भन्छन् युवा जति सबै खाडीमा छन् त कसले बनाउने देश तर कोही पनि देख्दैन ती नेपालमा बेरोजगारको भारी बोकी बसेका युवाहरूको अँध्यारो भविष्य ।

एउटा सानो सरकारी कामका लागि बस्नुपरेको त्यो ३ घण्टे लाइनले लखतरान परेका युवाको जोसलाई बगाएको कसैलाई मतलब छैन, मतलब छ त केवल पासपोर्ट बनाउनका लागि हिंडेका युवाको संख्या । कानमा तेल हालेर बसेका ती देशका मै हुँ भन्ने चालकहरुको आँखा कहिले खुल्ने कसैलाई पत्तो छैन । बाहिर आफ्नो रुचिको विषय पढेर आई यहीं आफ्नो ठाउँमा केही गरौं भनी काम खोज्दा खोज्दै बितेका ती नेपालीको अमूल्य समय फिर्ता ल्याउने सामर्थ्य कोही खुट्टा तान्नेको छ ? यदि छैन भने किन खुट्टा तान्छौ ती हातमुख जोर्न केही गरौं भनी अघि सरेका हाम्रा दिदीबहिनी दाजुभाइलाई ?

कुन आमाको मन होला र १८ वर्षसम्म काखमा खेलाएको सन्तानलाई त्यो अन्जान ल्हासामा सुन लिन पठाउन ? कुन बुबाको मनमा आउँछ होला आफ्ना प्राणभन्दा प्यारा लालाबालालाई रात दिन नभनी कमाएका ती हरिया बुट्टे नोटका बिटा खर्च गरी आफूभन्दा टाढा पठाउने कुरा ?

त्यही सपनाले भरिएको सन्तान आकाशमा उडेर आउनुको प्रतीक्षामा पाकेका ती आँखाले सेतो बाकसमा अचेत भई आउँदाको वियोग सहन कुनै परिवारको रहर होइन नि हजुर, त्यो त केवल बाध्यता हो, बाध्यता ! बुढा भएका बुबाआमा, दुःख-सुख सँगै काट्ने वाचा गरी लिएर आएकी पत्नी एवं आफ्ना ती भर्खर बोली फक्रेका लालाबालासँगै बसी हातमुख जोर्न सोच गरी बस्दा कुन दिन ऋणले किचेर मार्छ पत्तो हुँदैन, कुन वर्षाले चुहिने छाना नै उडाउँछ, कसैको बस्ने बास समेत हुँदैन ।

कुन सन्तानलाई मन छैन होला र यही बुबाआमाको काखमा लडीबुडी गर्न, आमाको हातको स्नेह मिसिएको खाना खान, बुबासँगै घरखर्च धानी सबैसँग हाँसीखुसी चाडपर्व मनाउन तर विडम्बना के गर्नु यो देशमा हामी जस्ता युवा अटाउने ठाउँ नै छैन । बल्लतल्ल भएका ठाउँ पनि हामीलाई भन्दा पहुँच पुग्ने ठूलाबडाका निम्ति नै तेर्सिन्छ ।

यो देश त अब हाम्रोभन्दा पनि आफूले आफूलाई सर्वेसर्वा ठानी घुम्ने कुर्सीमा पहरेदारका साथ बस्नेको मात्रै भएको छ । न त हाम्रा कोही सुन्ने नै छन्, न हाम्रानिम्ति कोही बोल्ने। छन् त केवल होच्याउने, दबाउने र सक्काउने । खोइ ! कहाँ गई मुद्दा हाल्नु र मलाई मेरै जन्मभूमिलाई कर्मभूमि बनाउनबाट वञ्चित गर्नेका निम्ति ? न त देशमा न्याय पाइन्छ, न अधिकार नै पाइन्छ ।

अस्ति भर्खर पढ्न भनी परदेश लागेका पल्ला घरका रामे दाइले अहिले घरमा पैसा पठाएर यहाँ तीनतले घर ठडिएको कुरा त छर्लङ्गै छ । आफ्ना बुबाआमाका बुढेसकालका लौरी बनी यहीं बसेका एक दाजुले भने बुबाको स्याहार त पक्कै गर्दैछन् तर त्यसका साथै महिनैपिच्छे साहुको घर पनि धाउँदैछन् ।

अब कुन दिन ती साहुले पनि अत्ति भयो भनी खाली हात झपारेर पठाउने छन् तब बुढेसकालको लौरो साथै भएता पनि रित्तो खल्तीकै कारण बुबालाई गुमाउन उहाँ बाध्य हुनुपर्ने तितो यथार्थ त हामी सबैले देख्दै आएकै छौं । तब के नै काम रह्‍यो र हजुर, दागबत्ती दिन छोरो भए पनि लास जलाउन मुडो किन्न नसक्ने छोरो भएर ? *(स्रोतः अनलाईनखबर)*

## कान्तिलोकपथ आंशिक खुल्यो

# जेठ २५ गतेबाट पूर्ण संचालनमा आउने

समाज संवाददाता

हेटौँडाः हेटौँडा-ललितपुर कान्तिलोकपथ आंशिक खुला भएको छ । मर्मतका लागि चैत १ गतेदेखि बैशाख १५ गतेसम्म बन्द गरिएको कान्तिलोकपथमा सुख्खा पहिरोका कारण क्षति पुग्दा करिब एक महिना पूर्णरुपमा बन्द भएको थियो । बैशाख १५ गतेबाट आंशिक रुपमा सडक संचालन गरी यातायात सुचारु भएपनि मर्मत कार्य पूरा नभएकाले जेठ १५ सम्म सम्पन्न गर्ने गरी दुई सिफ्टमा काम गरिएको थियो ।

आगामी जेठ २५ गतेबाट हेटौँडा ललितपुर जोड्ने कान्तिलोकपथ पूर्णरुपमा संचालनमा आउने भएको छ । विस्तारको कामका लागि बन्द गरिएको कान्तिलोकपथ २४ सैं घण्टा सञ्चालनको तयारी भइरहेको बताइएको छ । बैशाख २१ गते खसेको पहिरोका कारण पुनः पूर्णरुपमा बन्द भएको कान्तिलोकपथ सोमबारदेखि आंशिकरुपमा खुला भएको छ ।

एक महिना लगाएर सडक मर्मत गरेसँगै तत्कालका लागि दैनिक १३ घण्टा संचालनमा ल्याइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक (डीएसपी) लक्ष्मी भण्डारीले जानकारी दिनुभएको छ । उहाँका अनुसार बिहान ४ बजेदेखि ९ बजेसम्म र दिउँसो १२ बजेदेखि साँझ ६ बजेसम्म सडक बन्द गरेर सडक स्तरोन्नतिको काम भइरहेको छ । जेठ २५ गतेसम्म काम सम्पन्न गरी सडक पूर्णरुपमा संचालनमा ल्याइने तयारी रहेको उहाँले बताउनुभयो ।

डीएसपी भण्डारीका अनुसार यही जेठ २५ गतेबाट सडक पूर्णरुपमा सुचारु हुनेछ । स्तरोन्नतिका लागि गत चैतदेखि बन्द रहेको कान्तिलोकपथ जेठ २५ गतेबाट पूर्णरुपमा संचालनमा आउने भएको हो । ललितपुर बागमती गाउँपालिका-२ रातोभिरस्थित पहाड फोरेर सडक फराकिलो बनाउने काम भइरहेका बेला सुख्खा पहिलो खसेर सडक भासिएको थियो । कान्तिलोकपथको उक्त खण्डमा १.५ किलोमिटर सडक चौडा गर्न सडक माथिका चट्टान काट्ने काम भइरहेको छ । ६७ वर्षदेखि निर्माणाधीन कान्तिलोकपथ हेटौंडाको बुद्धचोकदेखि ललितपुरको सातदोबाटोसम्म ९२ किलोमिटर लम्बाइको रहेको छ ।

## कृषिमा लगानी...

छ । यो कुल राष्ट्रिय बजेटको ३.०८ प्रतिशत मात्रै हो । गत वर्ष ५८ अर्ब ९८ करोड २१ लाख विनियोजन गरिएको थियो, जुन कुल राष्ट्रिय बजेटको ३.३७ प्रतिशत थियो । तुलनात्मक रूपमा हेर्दा यो वर्ष कृषिमा विनियोजन गरिएको बजेट गत वर्षको भन्दा १ अर्ब ६९ करोड १६ लाख रुपैयाँ कम हो । यति मात्रै होइन, सरकारले खेतीका लागि अत्यावश्यक रासायनिक मलको अनुदान पनि घटाएको छ । सरकारले आगामी आर्थिक वर्षमा रासायनिक मल खरिद गर्नका लागि २७ अर्ब ९५ करोड मात्रै बजेट विनियोजन गरेको छ ।

चालु आर्थिक वर्षमा सोही प्रयोजनका लागि ३० अर्ब बजेट विनियोजन गरिएको थियो । यसरी तुलनात्मक रुपमा हेर्दा रासायनिक मल खरिदका लागि दिइने अनुदान २ अर्ब ५ करोड घटेको देखिन्छ । यसैगरी रोजगारी सिर्जना र उत्पादन वृद्धिमा टेवा पुऱ्याउने अपेक्षा गरिँदै आएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको बजेट पनि घटाइएको छ । यस परियोजनाका लागि चालु आर्थिक वर्षमा ३ अर्ब २२ करोड विनियोजन गरिएकोमा आगामी आर्थिक वर्षका लागि २ अर्ब ९८ करोड विनियोजन गरिएको छ । यसरी कृषिका लागि बजेट विनियोजनमा कन्जुस्याइँ गरेर कृषिमा लगानी दशक सफल नहुने प्रतिक्रिया विज्ञहरूले दिइरहेका छन् ।

बजेट प्रस्तुत गर्ने क्रममा अर्थमन्त्रीले सरकारी, निजी, सहकारी तथा विकास साझेदारबाट कृषिक्षेत्रमा लगानी अभिवृद्धि गर्न वि.सं. २०८१ देखि २०९१ को दशकलाई 'कृषिमा लगानी दशक' घोषणा गरिएको पनि उल्लेख गरेका छन् । सोही क्रममा अर्थतमन्त्रीले कृषिको व्यवसायीकरण र आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गरिने र भूगोल, बजार सम्भाव्यता एवं पारिस्थितिकीय विशिष्टता अनुकूल संघ, प्रदेश र स्थानीय तहबाट कृषि उपजको विशेष क्षेत्र पहिचान गरी उत्पादन प्रवर्द्धन गरिने पनि उल्लेख गरेका छन् । यसका अतिरिक्त 'कृषिक्षेत्रको रूपान्तरण' शीर्षकमा यसो गरिनेछ र उसो गरिनेछ भनेर २० वटा बुँदामा २७ वटा "नेछ' को प्रयोग गरिएको छ ।

समग्र बजेट वक्तव्यमा जम्माजम्मी ५ सय ७० वटा "नेछ' को प्रयोग गरिएको छ । विगतका सरकारहरूले पनि यसो गरिनेछ र उसो गरिनेछ भनेर नीति तथा कार्यक्रम बनाएका हुन् र सोही नीति तथा कार्यक्रमलाई आधार बनाएर राष्ट्रिय बजेट पनि तर्जुमा गरेका हुन् । बजेटमा पनि उसैगरी यसो गरिनेछ र उसो गरिनेछ भनेर सरकारी प्रतिबद्धता व्यक्त गर्ने गरिएकै हो । यो वर्ष पनि सोही परम्परालाई निरन्तरता दिइएको छ । केही हेरफेर र फेरबदलबाहेक बिलकुलै नयाँ, अति आवश्यक र प्रभावकारी कार्यक्रमहरू घोषणा हुन सकेका छैनन् ।

सरकारले गरेका प्रतिबद्धता पूरा हुने आधार पनि देखिएका छैनन् । त्यसैले जनताले आस गरेका छन्, तर भर परेका छैनन् । किनभने सरकारको नीति तथा कार्यक्रम र बजेट विगतको निरन्तरता मात्रै हो भन्ने प्रभाव आमजनतामा परिसकेको छ । विगतको भन्दा बजेट बढाउनुपर्नेमा घटाएर घोषणा गरिएको 'कृषिमा लगानी दशक' सफल हुनेमा सन्देह नै छ । *(स्रोतः कारोबारदैनिक)*

# योग विज्ञान शिविर सुरु



समाज संवाददाता

हेटौँडाः महिला पतंजली योग समिति मकवानपुरको आयोजनामा निशुल्क बृहत्त योग विज्ञान शिविर सुरु भएको छ । सोमबार हेटौँडा-४, स्थित रोयल पार्टी प्यालेसमा "गरौँ योग रहौँ निरोग" भन्ने मूल नाराका साथ शिविर सुरु गरिएको पतंजली जिल्ला अध्यक्ष रामकृष्ण थापाले जानकारी दिनुभयो ।

४ नम्बर वडा कार्यालय र महिला पतंजली योग समिति मकवानपुरको संयुक्त आयोजनामा संचालन भएको शिविरमा करिब १ हजार ५ सय जनाको उपस्थिति रहेको थियो । बुधबारसम्म संचालन गर्ने भनिएको शिविर वातावरण दिवसका कारण मंगलबार नै सम्पन्न गर्न लागिएको उहाँले जानकारी दिनुभयो ।

स्वस्थ शरीर सकारात्मक सोच निर्माणका विभिन्न किसिमको चिन्ता, रोग नष्ट गरिनुका साथै संस्कार र संस्कृतिको मूल्य मान्यतालाई स्थापित गर्नका लागि शिविर संचालन गरिएको हो । सबैको साथ सहयोगका साथ पतञ्जली योग समिति लागिरहेको थापाले जानकारी दिनुभयो । महिला पतंजली योग समिति मकवानपुरले जेष्ठ १८ गते पत्रकार सम्मेलन गर्दै शिविरको बारेमा जानकारी गराएको थियो । शिविरका लागि विभिन्न दाताहरुको सहयोगसँगै वडा नम्बर ४ ले ५० हजार रुपैयाँ सहयोग गरेको उहाँले जानकारी दिनुभयो ।

कार्यक्रममा सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्य तथा बागमती प्रदेश सभा सदस्य लक्ष्मी श्रेष्ठको विशिष्ट आतिथ्य रहेको थियो । कार्यक्रममा बागमती प्रदेश सभाकी पूर्व सदस्य जुनेलीमाया श्रेष्ठ, वडा अध्यक्ष, सदस्यहरुको आतिथ्य रहेको थियो । महिला पतंजली योग समिति नेपालकी अध्यक्ष साद्यी देवादिति प्रमुख तथा शशिकला बापा प्रशिक्षण गरिरहनु भएको छ ।

## भेदभाव तथा छुवाछुतविरुद्ध ऱ्याली र सडक नाटक

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-१६, हटियामा रहेको रेडरोज इङ्गलिस बोर्डिङ स्कूलका विद्यार्थीले छुवाछुतविरुद्ध ऱ्याली र सडक नाटक प्रदर्शन गरेका छन् । सोमबार राष्ट्रिय भेदभाव तथा छुवाछुत उन्मुलन दिवसको अवसरमा विद्यालयले ऱ्याली तथा सडक नाटकको आयोजना गरेको हो ।

विद्यालयबाट सुरु भएको ऱ्याली चिसापानी हुँदै रंगशालाबाट विद्यालय पुगेर सम्पन्न भएको विद्यालयकी प्रध्यानध्यापक सरिता भण्डारीले जानकारी दिनुभयो । विद्यालयको कक्षा ८ र ९ का करिब ७० जना विद्यार्थीको ऱ्यालीमा सहभागिता रहेको थियो । ऱ्यालीमा विद्यार्थीले विभिन्न पम्प्लेट प्रस्तुत गर्दै सचेतना कार्यक्रम गरेका थिए । विद्यार्थीले चिसापानीमा भेदभाव तथा छुवाछुत विरुद्ध सडक नाटकसमेत प्रदर्शन गरेका भण्डारीले बताउनुभयो । रेडरोज इङ्गलिस बोर्डिङ स्कूलमा ७ सय जना विद्यार्थी अध्ययनरत रहेका छन् ।

### ग्रामीण जागरण तथा विकास संगठन नेपाल, मकवानपुर

RADO-Nepal

**पुराना मोटरसाइकल लिलाम बिक्री गर्न शिलवन्दि वोलपत्र आह्वानको सूचना**

*(दोश्रो पटक प्रकाशित मितिः २०८१/०२/२२)*

यस संस्थाको भौतिक परिक्षण उप(समितिको राय र कार्यसमिति निर्णय तथा २०८०/०६/२७ गते बसेको साधारण सभाको निर्णयानुसार यस संस्थाको स्वामित्वमा रहेका तपशिल बमोजिमका पुराना मोटरसाइकलहरु जे-जस्तो अवस्थामा छन सोहि अवस्थामा निम्न शर्तहरुको अधिनमा रही लिलाम बिक्री गर्नु पर्ने भएकोले खरिद गर्न इच्छुक व्यक्ति वा फर्महरुलाई सुचना प्रकाशित मितिबाट १५ (पन्ध्र) दिन भित्रमा शिलबन्दी बोलपत्र पेश गर्नको लागि सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| सि.नं | लिलाम हुने सामानको विवरण | परिमाण |
|---|---|---|
| १. | यामाहा SZRR मोटरसाईकल | ७ थान |
| २. | होण्डा XR मोटरसाईकल | १ थान |
| ३. | हिरो होण्डा Pleasure Scotty | १ थान |

**लिलामको शर्तहरू**

१. मोटरसाइकलको सम्पूर्ण विवरण बोलपत्र फारममा उल्लेख गरिएको छ ।
२. लिलाममा सहभागि व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्र तथा संस्था/कम्पनि/फर्मको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि र निवेदन पेश गरिसकेपछि यस संस्थाको कार्यालयबाट बोलपत्र फारम प्राप्त गर्न सकिने छ ।
३. लिलाम बिक्रीको न्यूनतम मूल्य बोलपत्र फारममा उल्लेख भएको हुनेछ ।
४. लिलाम बिक्रीमा सहभागि व्यक्ति वा फर्मले आफूले सकार गर्ने साधनको विवरण र रकम जम्मा गरेको सक्कल भौचर समेत संलग्न गर्नुपर्ने छ । रकम जम्मा गर्दा यस संस्थाको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक, हेटौडा शाखाको चल्ती हिसाव नं १३००१००००२७८७००१ मा जम्मा गर्नुपर्ने छ ।
५. सामान हेर्न चाहनेहरुको लागि लिलाम हुने मोटरसाईकल यस संस्थाको कार्यालय हेटौडा-२, मनकामना चोकमा राखिएको ठाउँमा अवलोकन गर्न सकिने छ ।
६. लिलाम सकार गर्ने व्यक्ति वा फर्मलाई नियमानुसार मोटरसाईकल संस्थाले २ महिना भित्रमा नामसारी गरिदिने छ । नामसारी भएपछि मात्र उक्त मोटरसाईकल सम्बन्धित व्यक्ति वा फर्मलाई हस्तान्तरण हुनेछ ।
७. बोलपत्र दाताले कुनै एउटा वा सबै मोटरसाईकलको खरिद मुल्य पेश गर्न सक्नेछ । यसरी पेश गरेको मुल्यमा प्रत्येक मोटरसाइकलको अलग अलग मुल्यांकन हुनेछ ।
८. संस्थाले सबैभन्दा बढी मुल्य पेश गर्ने बोलपत्रदातालाई मोटरसाईकलको नामसारी गर्ने छ ।
९. मोटरसाइकल नामसारी गर्दा लाग्ने शुल्क खरिदकर्ता स्वयमले व्यहोर्नु पर्नेछ ।
१०. बोलपत्र पेश गर्दा अन्तिम दिनको १२:०० सम्म पेश गर्नु पर्ने छ र सोहि दिन २:०० बजे बोलपत्र खोलिने छ ।
११. बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट सोहि समयमा बोलपत्र खोलिने छ ।
१२. अन्य थप केही भएमा संस्थाको नियम तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

### ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.

हेटौँडा-२, मकवानपुर

**भाखा नाघेको ऋण चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना**

*प्रथमपटक सूचना प्रकाशित मितिः २०८१/०२/२२*

यस संस्थाको ऋण नीति बमोजिम तपसिलमा उल्लेखित ऋणी सदस्यले उपयोग गरेको ऋण संस्थासँग ऋण लिने बेलामा गरेको लिखित सम्झौता भंग गरी संस्थालाई बुझाउनु पर्ने साँवा, व्याज तथा हर्जना रकम तिर्न, बुझाउन नआई आलटाल गरेको र तिर्न बुझाउनका लागि पटक-पटक लिखित तथा मौखिकरुपमा तारताकेता गर्दा समेत वेवास्ता गरी अटेर गर्नु भएकोले सहकारी नियमावली २०७५ को नियम ३० (ख) बमोजिम यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः यो सूचना प्रकाशन भएको मितिले ३५ (पैंतीस) दिन भित्र संस्थाको मूख्य कार्यालयमा सम्पर्क गरी संस्थालाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम तिर्न बुझाउन हुन सूचित गरिन्छ । अन्यथा सहकारी नियमावली २०७५ को दफा ३० (घ) बमोजिम ऋण सुरक्षणका लागि संस्थाको नाममा लेखिदिएको अचल सम्पत्ति लिलाम बिक्री गरी सम्पूर्ण लिनु पर्ने साँवा, व्याज, हर्जना र अन्य लाग्ने शुल्कहरु समेत अशुलउपर गरिने व्यहोरा अवगत गराइन्छ ।

**तपसिल**

ऋणी सदस्यको नाम : सुमन कुमार स्याङ्बो
ऋणी सदस्यको बाबुको नाम : रामचन्द्र स्याङ्बो
ऋणी सदस्यको बाजेको नाम : सुकुमान स्याङ्बो
ऋणी सदस्यको ठेगाना : हेटौँडा-१२ सिग्रेनी, मकवानपुर
सदस्यता नं. : ९२५
ऋणको शीर्षक : व्यावसायिक कर्जा
धितोको विवरण

मकवानपुर जिल्ला हेटौँडा उपमहानगरपालिका-१२, सिग्रेनी बस्ने सुकुमान स्याङ्बोको नाती, रामचन्द्र स्याङ्बोको छोरा बर्ष ४० का सुमन कुमार स्याङ्बोको नाममा मालपोत कार्यालय हेटौँडामा दर्ता श्रेस्ता कायम भएको मकवानपुर जिल्ला साविक पदमपोखरी-५ को हाल हेटौँडा उपमहानगरपालिका वडा नं १२ कि.नं. ९६९, ९७० क्षे.फ. ०-०-१३-०, ०-०-७-० को जग्गा र सो मा बनेको घर समेत ।

**ग्रामीण बहुउद्धेश्यीय सहकारी संस्था लि.**

**हेटौँडा-२, मकवानपुर**

### श्री मितेरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**कर्मचारी आवश्यकता**

*(दोस्रो पटक प्रकाशित मितिः २०८१/०२/२० गते)*

प्रस्तुत विषयमा यस श्री मितेरी बचत तथा ऋण सहकारी संस्था लि. को संचालक समितिको मिति २०८१/०२/१३ गते आईतबार बसेको आकस्मिक बैंठकको निर्णयअनुसार संस्थाको प्रशासनिक नियमावली परिच्छेद २ को दफा ५ मा व्यवस्था भए बमोजिम रिक्त रहेको तह ३ को समूह परिचालक पदको लागि तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक व्यक्तिहरुबाट आवश्यक कागजात संलग्न गराई दोस्रो पटक विज्ञापन प्रकाशित गरेको मितिले ५ दिन भित्र दरखास्तको लागि आव्हान गरिन्छ ।

**तपसिल**

१. विज्ञापन नं. : २०८०/०८१ ( ०१
२. पद : समूह परिचालक
३. आवश्यक संख्या : १ जना
४. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
५. तह : तेस्रो (३)
६. सेवाको किसिम : करार
७. परिक्षणकाल : ६ महिना
८. आवेदन शुल्क : रु. ५००
९. परीक्षाको किसिम : लिखित, मौखिक र प्रयोगात्मक
१०. तलब : संस्थाको नियम अनुसार
११. आवेदन दिने अन्तिम मिति : २०८१ साल जेठ २४ गते कार्यालय समय भित्र
१२. सम्पर्क मिति : २०८१ साल जेठ २६ गते
१३. परीक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ ।
१४. दरखास्त दिने स्थान : ईन्द्रसरोबर-५, फाखेल मितेरी साकोस
१५. न्यूनतम शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट +२ उत्तीर्ण वा सो सरह
१६. वाञ्छनीय योग्यता : सहकारी सम्बन्धि आधारभूत तालिम,कम्प्युटर सम्बन्धी तालिम लिएको, नेपाली र अंग्रेजी टाईपिङमा विशेष दख्खल भएको ।

**आवश्यक कागजातः**

(हस्तलिखित निवेदन, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, बायोडाटा, नेपाली नागरिकताको प्रतिलिपी, तालिम तथा अनुभवको प्रमाणपत्रको प्रतिलिपी, कम्प्युटर सिकेको प्रमाणपत्रको प्रतिलिपी, पासपोर्ट साइजको फोटो २ प्रति ।

**नोट**: (शेयर सदस्य तथा शेयर सदस्य परिवार, सवारी चालक अनुमतिपत्र भएको, सहकारी सम्बन्धि ज्ञान भएको कम्प्युटरमा दक्ष भएकालाई विशेष ग्राह्यता दिइनेछ ।
(थप जानकारीको लागिः ९८५५०६३५०५, ९८४५४६४१०३ र ९८४९८१०९३२)

**सरोज थापा मगर**
**व्यवस्थापक**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

# मकवानपुरमा १८ हजारभन्दा बढि बालबालिकालाई खोप लगाइयो

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको विभिन्न विद्यालयमा खोप अभियान सम्पन्न भएको छ । खोप अभियानमा पालिकाका विद्यालय तथा बाहिरका बालबालिकालाई खोप लगाइएको हो ।

मकवानपुर जिल्लाका १८ हजार २ सय ९४ जना बालबालिकालाई पोलियोविरुद्ध खोप लगाइएको छ । हालसम्म प्राप्त तथ्याङ्कअनुसार जिल्लाको १० वटा पालिकाका १८ हजार २ सय ९४ जना बालबालिकालाई खोप लगाइएको जनस्वास्थ्य कार्यालय मकवानपुरका खोप फोकल पर्सन बासु रिमालले जानकारी दिनुभयो ।

पोलियो रोगविरुद्धको आईपीभी (इनएक्टिभिटेड पोलियो भ्याक्सिन) खोप लगाउन छुटेका बालबालिकालाई गत जेठ १३ गतेदेखि १९ गतेसम्म जिल्लाका ५ सय ४१ वटा विद्यालयमार्फत् खोप अभियान सञ्चालन गरिएको थियो । खोप अभियानमा जनस्वास्थ्य कार्यालयले मकवानपुर जिल्लाको विद्यालयमा अध्ययन गर्ने तथा बाहिरका गरी खोप लगाउनुपर्नेमा २२ हजार ५ सय ६ जना बालबालिका रहेको अनुमान गरेको थियो ।

मकवानपुरको हेटौंडा उपमहानगर पालिकाले अभियानमा ८१ प्रतिशत बालबालिकालाई खोप लगाएको छ । पालिकाले लक्ष्य राखेको १० हजार ९ सय ३३ जना बालबालिकामध्ये ८ हजार ९ सय १८ जना बालबालिकालाई खोप लगाएको हो । यस्तै, मनहरी गाउँपालिकाले ८६ प्रतिशत बालबालिकालाई खोप लगाउन सफल भएको हो । लक्षित २ हजार ४ सय ६४ जना बालबालिकामध्ये २ हजार १ सय ९ जना बालबालिकालाई खोप लगाइएको छ ।

थाहा नगरपालिकाले ९९ प्रतिशत बालबालिकालाई खोप लगाएको छ । अभियानमा पालिकाले एक हजार ४ सय ६३ जना बालबालिकाको लक्ष्य तय गरेकोमा एक हजार ४ सय ५१ जना बालबालिकालाई खोप लगाइएको हो । भीमफेदी गाउँपालिकाले ७२ प्रतिशत बालबालिकालाई खोप लगाउन सफल भएको छ । गाउँपालिकाले ८ सय ४९ जनाको लक्ष्य राखेको थियो भने खोप ६ सय १२ जनाले लगाएका छन् । मकवानपुरगढी गाउँपालिकाले भने ९१ प्रतिशत बालबालिकालाई खोप लगाएको छ । पालिकाले ९ सय ५८ जना बालबालिकाको लक्ष्य बनाएको थियो जसमा ८ सय ६६ जना बालबालिकाले खोप लगाएका छन् ।

राक्सिराङ गाउँपालिकाबाट प्राप्त तथ्याङ्कअनुसार अभियानमा जम्मा ६३ प्रतिशत बालबालिकालाई खोप लगाइएको छ । पालिकाले राखेको लक्ष्य एक हजार १ सय ८३ जना बालबालिकामध्ये ६ सय ४२ जना बालबालिकालाई खोप लगाएको हो । यस्तै, बागमती गाउँपालिकाले ९५ प्रतिशत बालबालिकालाई खोप लगाउन सफल भएको छ । लक्षित एक हजार २ सय ६ जनामध्ये एक हजार १ सय ९० जना बालबालिकालाई खोप लगाइएको छ ।

बकैया गाउँपालिकामा ८७ प्रतिशत बालबालिकालाई खोप लगाइएको छ । पालिकाले एक हजार ६ सय १४ जनाको लक्ष्य बनाएको थियो । जसमा एक हजार ४ सय ६ जना बालबालिकाले खोप लगाएका छन् । यस्तै, कैलाश गाउँपालिकाले ७२ प्रतिशत बालबालिकालाई खोप लगाएको छ । लक्षित ९ सय २२ जना बालबालिकामध्ये ६ सय ६४ जना बालबालिकालाई खोप लगाइएको हो । रिमालका अनुसार इन्द्रसरोवर गाउँपालिकामा भने १०३ प्रतिशत बालबालिकालाई खोप लगाइएको छ । पालिकाले ४ सय २० जना बालबालिकालाई खोप लगाउने लक्ष्य राखेको भए पनि ४ सय ३४ जना बालबालिकाले खोप लगाएका हुन् ।

खोप लगाउन छुट भएका बालबालिकालाई हेटौंडा अस्पताल परिसरमा रहेको जनस्वास्थ्य कार्यालय अन्तर्गतको एमसीएच क्लिनिकमा जेठ २६ गतेसम्म खोप लगाउन सकिनेछ । क्लिनिककी स्टाफ नर्स संगीता शाहका अनुसार आइतबारदेखि खोप लगाउने संख्या बढेको छ । मकवानपुरको विद्यालयमा खोप लगाउन छुटेका बालबालिकाहरु क्लिनिकमा खोप लगाउन आएका उहाँले बताउनुभयो ।

नेपालमा २०७३ साल बैशाखदेखि २०७५ साल असोजसम्म जन्मेका बालबालिकालाई पोलियो खोप लगाइएको थिएन । विश्वभर आईपीभी खोप अभाव भएका कारण उक्त अवधिमा बालबालिका खोपबाट वञ्चित भएका थिए । पोलियो रोगविरुद्ध मुखबाट पोलियो थोपा खुवाउने गरेकोमा सन् २०१४ बाट सुईबाट नेपालमा पोलियोविरुद्धको खोप (आईपीभी) सुरु भएको थियो ।

पोलियोविरुद्ध खोप नलगाएमा विभिन्न स्वास्थ्य समस्या देखापर्नुका साथै मृत्युसमेत हुनसक्ने चिकित्सकहरु बताउँछन् । बालबालिकालाई पोलियो रोगविरुद्ध एफआईटीई र आईपीभी खोप नियमित लगाउने गरिएको छ । यी दुबै खोपमा खोप दिने ठाउँ र डोजबाहेक कुनै भिन्नता नरहेको बताइएको छ । तथ्याङ्कअनुसार पोलियोको समस्या धेरै १५ वर्षमुनिका बालबालिकालाई देखिने गरेको छ । ज्वरो आएको, रोग प्रतिरोधात्मक क्षमता कम भएको, क्यान्सर रोग लागेको, टिबीको औषधी खान सुरु गरेको अवस्थामा पोलियोविरुद्धको खोप दिन मिल्दैन । बागमती प्रदेशमा ३ लाख ३० हजार बालबालिका यो खोप लगाउन छुटेको तथ्याङ्क छ ।

## वातावरण दिवसमा साइकल र्‍याली

# वीरेन्द्र, राजीव र लक्ष्मीचरणलाई सम्मान



वीरेन्द्र बज्राचार्यलाई सम्मान गर्नुहुँदै नगरप्रमुख मीना कुमारी लामा ।

समाज संवाददाता

हेटौँडाः टोल विकास संस्था नगर समन्वय समिति हेटौँडा उपमहानगर पालिकाले सचेतनामूलक साइकल र्‍याली तथा सम्मान कार्यक्रम गरेको छ । विश्व वातावरण दिवसको अवसरमा आयोजना गरिएको सप्ताहव्यापी कार्यक्रम तथा विश्व साइकल दिवसको समेत सन्दर्भ पारेर सोमबार साइकल र्‍याली तथा सम्मान कार्यक्रम गरिएको हो ।

लामो समयदेखि साइक्लिङको माध्यमबाट वातावरण संरक्षण तथा सम्वर्द्धनमा पुर्‍याएको योग्दानको कदर गर्दै वीरेन्द्र बज्राचार्य, राजीव खड्गी र लक्ष्मीचरण श्रेष्ठलाई सम्मान गरिएको हो । टोल विकास संस्था नगर समन्वय समितिका अध्यक्ष ध्रुब अधिकारीको सभाध्यक्षमा तथा हेटौँडा उपमहानगर पालिकाकी प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

सम्मानअघि हेटौँडा-४, हुप्रचौरबाट सुरु भएको सचेतनामूलक साइकल र्‍याली चौघडा, कमाने हुँदै हेटौँडा उपमहानगर पालिकाको कार्यालय परिसर पुगेको थियो । हेटौँडा राईडर्स क्लबको समन्वय, हेटौँडा उपमहानगरपालिका र ४ नम्बर वडा कार्यालयको सहयोगमा साइकल र्‍याली भएको हो ।

साइकल र्‍यालीमा हेटौँडा उपमहानगरपालिकाको वातावरण महाशाखा प्रमुख सत्यदेवी अधिकारी, मकवानपुर जिल्ला साईक्लिङ संघका अध्यक्ष संगीत श्रेष्ठ, हिमालय राईडर्स सोसाईटीका अध्यक्ष राम कुमार श्रेष्ठ र राईडर्स क्लब हेटौँडाका अध्यक्ष विकास ताम्राकारको उपस्थिति रहेको थियो ।

# यु-१९ क्रिकेट टिम छनोट प्रतियोगिता सम्पन्न

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला क्रिकेट संघले आयोजना गरेको वाईवाई यु-१९ क्रिकेट टिम छनोट प्रतियोगितामा आकाशे निलो समूह विजयी भएको छ । सोमबार हेटौंडा-४ स्थित हुप्रचौरमा छनोट प्रतियोगिताको अन्तिम खेल सम्पन्न हुँदा रातो समूहलाई ८ विकेटले हराउँदै आकाशे निलो समूह विजयी भएको हो ।

आकाशे निलो समूहबाट गोकुल अधिकारी अविजीत रहँदै सर्वाधिक ४३ रन बनाएका छन् । राजा अहमदले १४ रन जोड्न सफल भएका हुन् । यता बलिङतर्फ रातो समूहका अनुराग सिंहले सर्वाधिक २ विकेट लिएका हुन् ।

यसअघि टस जितेर पहिलो ब्याटिङका लागि मैदानमा उत्रिएको रातो समूहले १४ ओभरमा सबै विकेट गुमाएर आकाशे निलो समूहलाई ५८ रनको लक्ष्य दिएको थियो । रातो समूहबाट अजल मान्नधरले १० रन र रोहित ठाकुरले ९ रन जोडेका थिए । बलिङतर्फ आकाशे निलो समूहबाट सचिनकुमार यादवले सर्वाधिक २ विकेट लिएका हुन् । प्राञ्जल उपाध्याय, रञ्जन यादव र गोकुल अधिकारीले समान एक-एक विकेट लिएका हुन् ।

प्रतियोगितामा ४ वटा टिमहरुको सहभागिता रहेको थियो । संघले जिल्लाको ४६ जना खेलाडीहरुलाई ४ समूहमा विभाजन गरेर प्रतियोगितामा सहभागी गराएको प्रतियोगिताका संयोजक सञ्जोक पोखरेलले जानकारी दिनुभएको छ । प्रतियोगितामा सहभागी भएका मध्य उत्कृष्ट २४ जना खेलाडीहरुको नाम सार्वजानिक गरेर बन्द प्रशिक्षणमा राख्ने संयोजक पोखरेलले बताउनुभयो । बन्द प्रशिक्षणमा सहभागीमध्ये १८ जना खेलाडीहरु छनोट गरेर प्रदेशस्तरीय प्रतियोगतामा सहभागी गराउने उहाँले बताउनुभयो ।

जिल्ला क्रिकेट संघको नेतृत्वमा सञ्चालन हुने बन्द प्रशिक्षणमा सहभागी भएका १९ वर्ष उमेर समूहका किशोर खेलाडीहरुलाई जिल्लाका प्रशिक्षक रामनरेश गिरीले प्रशिक्षण दिनुहुने उहाँले बताउनुभयो । बन्द प्रशिक्षण किशोर खेलाडीहरुको क्षमता, फिट्नेस, खेलप्रतिको रुचि, कौशलतालाई विशेषरुपमा प्राथमिकता दिइने जनाइएको छ । खेलाडीहरुको क्षमताको परीक्षण गर्नका लागि मकवानपुरभित्र रहेका सिनियर र बाहिरी जिल्लाका सिनियर खेलाडीहरुबीच पनि प्रतिस्पर्धात्मक प्रतियोगिता गराइने बताइएको छ । बन्द प्रशिक्षणबाट छनोट भएका खेलाडीहरु प्रदेशको छनोट प्रतियोगितामा सहभागी जनाउन पाउनेछन् ।

जिल्लाबाट छनोट भएका खेलाडीहरु प्रदेश हुँदै वाईवाई क्रिकेटको राष्ट्रिय प्रतियोगितामा सहभागी हुन पाउनेछन् । नेपाल क्रिकेट संघ (क्यान)ले १९ वर्ष उमेर समूहका किशोर खेलाडी उत्पादन गर्नका लागि वार्षिक क्यालेन्डरअनुसार वाईवाई क्रिकेट प्रतियोगिताको आयोजना गर्ने गरेको छ । प्रतियोगितामा सहभागी भएका ४६ जना किशोर खेलाडीहरुलाई सहभागीको प्रमाणपत्र पनि प्रदान गरिएको छ ।

# महिलाको मृत्यु

समाज संवाददाता

हेटौँडाः काभ्रेपलाञ्चोक जिल्लाको पनौती नगरपालिका-५, सुब्बा गाँउमा एक जना महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा ४० वर्षीया निरु श्रेष्ठ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

श्रेष्ठ आइतबार राती खाना खाई सुतेकोमा सोमबार बिहान ३ बजेको समयमा गर्मी भई गाह्रो भयो भनी बिरामी भएकी थिइन् । श्रेष्ठलाई उपचारका लागि शिर मेमोरियल अस्पताल लैजाँदै गर्दा बाटोमा नै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

# वृद्ध मृत फेला

समाज संवाददाता

हेटौँडाः दोलखा जिल्लाको भिमेश्वर नगरपालिका-१, पानीघाटमा एक जना वृद्ध मृत फेला परेका छन् । मृत फेला पर्नेमा क्षमावतीडाँडाका ७८ वर्षीय भिलक बहादुर खाती रहको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

खाती आइतबार आफ्नै घरदेखि दक्षिणतर्फ मकैबारीमा उतानो परी मृत अवस्थामा फेला परेका थिए । खातीलाई बिहान ५ बजेको समयमा मृत अवस्थामा रहेको सूचना प्राप्त हुना साथ प्रहरी टोली खटी गई बुझ्दा १७ गतेबाट घरमा नभएको बुझिएको प्रहरीले जनाएको छ । वृद्ध घरमा एक्लै बस्दै आएको र परिवार काठमाडौँ तिर बस्ने बुझिएको प्रहरीले जानकारी दिएको छ ।

## वडास्तरीय फुटबल प्रतियोगिता

# आयोजक ए र २ नम्बर सेमिफाइनल प्रवेश

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बागमती गाउँपालिकामा जारी वडास्तरीय फुटबल प्रतियोगिताको क्वाटरफाइनलका दुई खेल सम्पन्न भएको छ । सोमबार सम्पन्न क्वाटरफाइनल खेलमा विजयी हुँदै आयोजक वडा नम्बर ४ को ए टिम र २ नम्बर वडाको टिम सेमिफाइनल प्रवेश गरेको छ ।

सोमबार भएको पहिलो क्वाटरफाइनल खेलमा वडा नम्बर ७ लाई २-० गोलले पराजित गर्दै आयोजक ए सेमिफाइनल प्रवेश गरेको हो । आयोजक ए को जीतमा खेलको तेस्रो मिनेटमा किरण बज्यु र २५ औं मिनेटमा रमेश थिङले एक-एक गोल गरे ।

यस्तै, दोस्रो क्वाटरफाइनल खेलमा वडा नम्बर ५ लाई २-१ गोलले हराउँदै २ नम्बर सेमिफाइनल प्रवेश गरेको हो । वडा नम्बर २ को जीतमा खेलको १० औं मिनेटमा सुरज राई र ६० औं मिनेटमा विकल राना मगरले एक-एक गोल गरे । ५ नम्बरका लागि खेलको ५८ औं मिनेटमा मनिक राईले गोल गरे पनि टिमलाई हारबाट जोगाउन भने सकेनन् । सेमिफाइनल प्रवेश गरेको आयोजक ए र २ नम्बर फाइनल प्रवेशका लागि बिहीबार भिड्नेछ । प्रतियोगिताअन्तर्गत् मंगलबार बाँकी दुई क्वाटरफाइनलका खेल हुने प्रतियोगिताका संयोजक भूगोल माझीले बताउनुभयो । मंगलबारको पहिलो खेलमा वडा नम्बर ३ र ६ बीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो खेलमा वडा नम्बर १ र ८ बीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको फाइनल खेल शुक्रबार हुनेछ । प्रतियोगिताको उपाधि विजेता टिमले ३० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले १५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।


एक विद्यालय एक नर्स कार्यक्रम सम्बन्धी जानकारी

विद्यालय तहमा नै विद्यार्थीहरुको समग्र स्वास्थ्य, सरसफाई, पोषण, मानसिक स्वास्थ्य, किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य प्रवर्धन गर्न तथा सरुवा र नसर्ने रोग रोकथामबारे जानकारी गराई स्वस्थ जीवनयापन अपनाउन उत्प्रेरित गर्न बागमती प्रदेश सरकारले नमूना स्वास्थ्य प्रवर्धन कार्यक्रमको रुपमा एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन गरेको छ ।

विद्यार्थीहरुको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार ल्याउन यस कार्यक्रमको उद्देश्य यस प्रकार छन् ।

- विद्यालयमा प्रवर्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक स्वास्थ्य सेवा प्रदान गर्ने,
- विद्यार्थीहरुलाई पोषिलो खाना तथा सरसफाईबारे जानकारी गराउने र प्रोत्साहित गर्ने,
- विद्यालयमा पत्रु खाना (Junk Food) निरुत्साहित गर्ने,
- यौन तथा प्रजनन्, मानसिक, मुख तथा दाँत र आँखाको स्वास्थ्य जस्ता विषयमा स्वास्थ्य परीक्षण गर्ने र परामर्श सेवा प्रदान गर्ने,
- विद्यालय नर्स तथा विद्यार्थी मार्फत परिवार एवं समुदायलाई स्वस्थ बनाउन सचेतना जगाउने,
- विद्यार्थी, शिक्षक, कर्मचारी, परिवार एवं समुदायलाई स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्ने,
- सर्ने तथा नसर्ने रोगहरुको रोकथामका लागि विद्यार्थीहरुको सहभागितामा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,
- विद्यालय स्वास्थ्यका अन्य क्रियाकलापहरु कार्यान्वयन गर्ने ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल




विशेषता : जापानिज भाषा

PTE/Ielts

युरोपिय देशहरुमा शैक्षिक अवसर साथै विशेष गरी फिनल्यान्ड देशका लागि न्युनतम शुल्कमा शैक्षिक परामर्श सहित सेवा प्रदान ।



सम्पर्क : ०५७-५९०६४५
९८०२३७१४४४
ठेगाना : स्कूलरोड, हेटौंडा-४
पुजन प्लाजा तेस्रो तल्ला
IDB Education Consultancy pvt Ltd

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ